# ८ धमिलो चस्माले हेर्दा मधुरो देखिनु

*यस अध्यायको निम्ति पढ्नुहोस्:* १ कोरन्थी ६:१९,२०, उत्पत्ति ३:१७, यूहन्ना १२:३१, १ कोरन्थी १:१८-२१।

*कण्ठ गर्नुपर्ने पद:* "यस संसारका बुद्धिज्ञान परमेश्वरको आँखाको सामु मूर्खता हो। यसरी लेखिएको छ, 'मानिसहरूको आफ्नै छलमा परमेश्वरले बुद्धिमानी भनाउँदाहरूलाई समात्नुहुन्छ'" (१ कोरन्थी ३:१९ रूपान्तरित)।

सन् १८०२मा बिलियम पार्लेले एउटा पुस्तक लेखे। उनी विभिन्न धर्मका विशेषज्ञ थिए। विभिन्न धर्महरूलाई समेटेर लेखेको पुस्तकको नाउँ थियो, "नेचुरल थियोलोजी" (**Natural Theology)** अर्थात् "प्राकृतिक धर्मदर्शन।" परमेश्वरको स्वभाव बुझ्न र परमेश्वरप्रति हाम्रो धारणाको विकास गर्न प्रकृतिलाई अध्ययन गरे पुग्छ भन्ने त्यस लेखकको तर्क थियो। विभिन्न जन्तु जनावरहरूको स्वभावलाई अध्ययन गरेर सृष्टिकर्ता परमेश्वरको हेरचाह र दक्षतालाई धेरै लेखहरूद्वारा उनले प्रस्तुत गरेका थिए। हुनसक्छ पार्लेले जन्तुजनावरहरूका धेरै स्वभावहरूलाई प्रस्तुत गरे होलान्। तर पापले गर्दा प्रकृतिमा परेको असरचाहिँ उनले बुझ्न असफल भएका थिए। तर प्रकृतिबाट परमेश्वरको चरित्र कसरी झल्किन्छ भन्ने उनको तर्कलाई कसैले पनि असहमत जनाएको छैन। कतिपयले त उनको त्यस धारणालाई प्रमाणित गर्न अग्रसर भएको पनि पाइएको थियो।

पार्लेले निकालेको पुस्तकको केहि दशकपछि चार्लस डार्विन भन्ने अर्को प्राकृतिक चिन्तक वा विकासवाद सिद्धान्तको प्रवर्तकले आफ्ना लेखहरू निकाले। प्रकृतिमा भएका विभिन्न जीवजन्तुहरूको अध्ययन गर्दा त्यस्ता जीवजन्तुहरूलाई सृष्टि गर्ने परमेश्वर असल भएको देखिन्दैन भनेर उनले आफ्नो तर्क प्रस्तुत गरे। झुसेलकिराका शरीरमा बसेर जीउने परजीविको बारेमा उनले लेखेर त्यस्तो परजीविसृष्टि गर्ने परमेश्वर पनि असल हुन्छ र भनेर परमेश्वरको अस्तित्वलाई हाँक दिए। निरिह मुसामाथि क्रुर बिरालोको हमलालाई के भन्ने भनेर उनले प्रश्न गरे। प्रेमिलो सृष्टिकर्ता हुनुहुन्छ भन्ने धारणा प्रकृतिमा भएका

जीवजीवातहरूको क्रुर स्वभावले गलत देखाउँछ भन्ने चार्लस डार्विनको निश्कर्ष थियो।

हुनत परमेश्वरको अस्तित्वको बारेमा चार्लस डार्विनभन्दा पहिले केहि हदमा राम्रो थियो। प्रकृतिले परमेश्वरको बारेमा के देखाउँछ र के देखाउँदैन भन्ने जिज्ञासालाई केहि हदमा यस अध्यायले चिरफार गर्न प्रयास गरिनेछ।

## १. सारा पृथ्वी परमप्रभु परमेश्वरको हो (भजन २४:१,२)

**एउटा काल्पनिक कथा छ।** परमेश्वरको आवश्यकताप्रति एक जना वैज्ञानिकले चुनौति दिएको थियो। परमेश्वरले जस्तै उसले पनि मानिसहरूलाई सृष्टि गर्न सक्छ भनेर उसले दाबी गरेको थियो। अनि परमेश्वरले भन्नुभयो, “हुन्छ नी। ल त मानिसलाई बनाऊ।" अनि त्यो वैज्ञानिकले मानिसको आकार बनाउन माटो जम्मा गर्न थाल्यो। तर परमेश्वरले भन्नुभयो, “ए, एक छिन पर्खत। पहिला तिम्रो आफ्नै माटो बनाऊ।" अर्थात् "मैले बनाएको माटोबाट तिमीले किन मानिस बनाउन खोज्छौं?" भनेर परमेश्वरले उसलाई चुनौति दिनुभएको थियो।

हो, त्यो कथा सत्य त होइन। तर एउटा कुरो स्पष्ट छः कुनै पनि नभएको चिजबाट चिज बनाउन केवल परमेश्वरमात्र सक्नुहुन्छ। सारा जगत, नक्षत्र आदि उहाँले नै सृष्टि गर्नुभयो। हाम्रो पृथ्वी, हाम्रो संरचनामा रहेको यावत थोक र हाम्रै शरीर पनि त्यस सृष्टिको कार्यभित्र पर्छ। विश्वका नामूद प्रतिभाशाली वैज्ञानिक आइजक न्युटनले एक फेर भनेका थिए, “जब सम्म कुनै पनि वैज्ञानिकले एउटा दुरुस्त घाँस उत्पादन गर्न सक्दैन तब सम्म यस धर्तीले वैज्ञानिकको उपहास गरेको हुन्छ।" सृष्टिकर्ताको हैशियतले कानूनीरूपमा सारा जगतको स्वामी परमप्रभु सनातानका परमेश्वर नै हुनुहुन्छ।

बाइबलका केहि पदहरूमा साझा सन्देश हामीलाई यसरी दिइएको छः भजन २४:१,२ “पृथ्वी र त्यसमा भएका सबै थोकहरू परमेश्वरका सम्पत्ति हुन्। यो संसार र यसका सबै मानिसहरू उहाँकै सम्पत्ति हुन्। परमप्रभुले पानीमाथि पृथ्वी बनाउनु भयो उहाँले यसलाई नदीहरूमा बसाउनु भयो।", अय्यूब ४१:११ “म कोहीसँग पनि ऋणी छैन। स्वर्गमुनी भएका सबै थोकहरू मेरा हुन्।", भजन ५०:१० “ मलाई ती पशुहरूको आवश्यकता छैन। मेरो लागि पहिल्यैबाट जंङ्गलमा पशुहरू छन्। हजारौं जङ्गल तथा पर्वतहरूमा भएका पशुहरू मेरो आफ्नै हुन्।", यशैया ४३:१,२, “याकूब, तिमीलाई परमप्रभुले बनाउनु भयो।

इस्राएल, तिमीलाई परमप्रभुले बनाउनु भयो। अनि अब परमप्रभु भन्नुहुन्छ, "तिमीहरू नडराऊ! मैले तिमीहरूलाई बचाएँ। मैले तिम्रो नाउँ राखें। तिमी मेरो हौ। 2 जब तिमीमाथि कष्टहरू पर्छन, म तिम्रो साथमा छु। जब तिमी नदीहरू तर्छौ तिमीलाई चोट लाग्नेछैन। जब तिमी आगोबाट हिंड्दछौ, तिमी जल्ने छैनौ; आगोको ज्वालाले तिमीलाई लपेटने छैन्।", १ कोरन्थी ६:१९,२० "तिमीले बुझ्नु पर्छ कि तिम्रो शरीर पवित्र आत्माको मन्दिर हो। पवित्र आत्मा तिमीभित्र छ। परमेश्वरबाट तिमीले त्यो पवित्र आत्मा पाएकाछौ यसकारण तिमी आफ्नो मालिक होइनौ। 20 परमेश्वरद्वारा मोल तिरेर तिमी किनिएकाछौ। यसैले आफ्नो शरीरद्वारा परमेश्वरको सम्मान गर।" हाम्रो शरीर, हाम्रो जीवन, हाम्रो पृथ्वी वा संसार र परमेश्वरप्रति हाम्रो धारणा कस्तो हुनुपर्छ भनेर माथिका पदहरूले कसरी बताउँदछन्?

अङ्ग्रेजीमा एउटा प्रचलित इसाई भजन छ, जसको शिर्षक छः "This is my Father's World" (दिस इज माइ फादरस् वर्ल्ड अर्थात् यो मेरो पिताको संसार हो)। हो यो संसार यथार्थमा हाम्रा परमेश्वरको हो। किनभने यसलाई उहाँले नै सृष्टि गर्नुभएको हो। सृष्टि गरिएको हैशियतले यस संसार उहाँको हो भनेर दाबी गर्नुको विकल्प अरू छैन। सारा दृष्य र अदृष्य थोकहरूलाई परमेश्वरले नै सृजना गर्नुभयो। त्यसकारण सारा जगत, आकाश गङ्गा, नक्षत्र, स्वर्ग, सौर्य मण्डल, पृथ्वी आदि र त्यहाँ भएका यावत थोकहरू उहाँको स्वामित्वमा छ।

यो पृथ्वी उहाँको अधिकारमा छ। यस पृथ्वीमा भएका यावत थोकहरू जाहे जीवित वा अजीवित पनि उहाँको हो भनेर उहाँले दाबी गर्नुहुन्छ। यस विश्वमा कुनै यस्तो व्यक्ति छैन, (चाहे भगवान वा सिद्ध भनेर दाबी नै किन नगरोस्), जसले जीवन सृष्टि गर्न सक्छ। केवल परमप्रभु सनातनका परमेश्वरमात्र सृष्टिकर्ता हुनुहुन्छ। त्यसले गर्दा यस पृथ्वीमा भएका यावत थोकको अन्तिम एकाधिकार उहाँकै हो। हाम्रो जीवन वा सासको निम्ति उहाँमै भरपर्दछौं। हामीहरूको बफादारिता र प्रतिवद्धता बाहेक परमेश्वरलाई हामी केहि पनि दिनसक्दैनौं, किनभने यहाँ जे छ त्यो उहाँकै भैसकेको छ।

सृष्टिको कारणले मात्र होइन, हामीलाई उद्धार गरिएकोले पनि हामी मानव जात उहाँका हौं। पापबाट उद्धार गरिने योजना परमेश्वरको अचम्मको वरदान हो। पापले गर्दा मानव जीवन अत्यन्त क्षतविक्षत भएको छ। मानव जीवनको अन्तिम चरण नै मृत्यु हो। त्यसले गर्दा हाम्रो जीवनको अर्थ र उद्देश्यलाई तहस नहस पारिएको छ। त्यसले

गर्दा यहाँको जीवन त्यति सार्‍हो महान् छैन। हामीहरूको केवल एउटैमात्र आशा छ, त्यो हो परमेश्वरले प्रतिज्ञा गर्नुभएको अचम्मको मुक्ति। त्यहि मुक्ति वा पापबाट उद्धार गरिने कार्यले मात्र सबै थोक ठिक हुनेछ। त्यसैकारण सृष्टि र मुक्तिको कारणले हामी ख्रीष्टका हौं।

## २. पापमा गिरिएको यस संसार (उत्पत्ति ३:१७)

एउटा कुरामा कसैको दुईमत छैनः त्यो सृष्टिको हप्ताको अन्तिम दिनमा परमेश्वरले सन्तुष्ट भएर हेर्नुभएको यस संसार र अहिलेको संसार धेरै फरक छन्। हो, विभिन्न प्राकृतिक संरचना र त्यसको सौन्दर्यताले गर्दा यस पृथ्वीमा परमेश्वरको उपस्थितिको बलियो प्रमाण त दिन्छ। तर हामी पापले गर्दा क्षति हुन पुगेका मानव जाति हौं, र पापले गर्द क्षतविक्षत भएको यस संसार अर्थात् पृथ्वीमा जीउन संघर्ष गरिरहेकाछौं। विश्व जलप्रलय हुनुभन्दा अघि नै यस संसार पापले गर्दा छताछुल्ल भएको थियो। " यस संसारमा नोहाको कालमा दुई श्रापहरू खनिएका थिए। ती श्राप थिए, आदमको पाप र कैनको हत्या। यस संसार ती दुईको बीचमा त्यस ताका चेपिएको थियो।"-एलेन जी ह्वाइट, *कन्फिलक्ट एण्ड करेज,* पृ. ३२बाट रूपान्तरित।

**यस संसार वा पृथ्वी श्रापित भएको छ र त्यसको परिणाम के हुन त भनेर देहायका पदहरूले यसरी बताउँदछन्:**

**उत्पत्ति ३:१७: "त्यसपछि परमप्रभु परमेश्वरले त्यस मानिसलाई (आदम) भन्नुभयो, 'तिमीले तिम्री पत्नीको कुरा मानेर मैले नखानु भनी आज्ञा दिएको रूखको फल खाएको हुनाले, म तिम्रै कारणले भूमिलाई सराप्ने छु जुन खाद्यय पदार्थ भूमिबाट तिमीले पाउनेछौ त्यसको निम्ति तिमीले तिम्रो सारा जीवन भरि मेहनत गर्नु पर्नेछ। 18 त्यो भूमिले तिम्रो निम्ति जंङ्गली घाँस र काँढाहरु उमार्नेछ अनि तिमीले जङ्गलमा उम्रेको सागपात खानु पर्नेछ। 19 तिमीले आफ्नो आहारको निम्ति आफ्नो अनुहार पसीनाले छ्याप्-छ्याप्पी नहुञ्जेलसम्म मेहनत गर्नु पर्नेछ, नमरुञ्जेलसम्म नै तिमीले मेहनत गर्नु पर्नेछ। त्यसपछि तिमी फेरि माटोमा मिल्नेछौ। मैले तिमीलाई बनाउँदा माटोको प्रयोग गेरको थिएँ र जब तिमी मर्ने छौ फेरि माटोमा मिल्नेछौ।"**

**उत्पत्ति ४:११,१२: "तिमीले तिम्रो भाइको हत्या गर्‍यौ, त्यसले गर्दा तिम्रै हातबाट रगत पिउनलाई यस भूमिले आफ्नो मुख खोलिरहेको छ। यसकारण अब म त्यस भूमिमा नराम्रो कुराहरु हुने बनाइदिनेछु। 12 जब तिमीले त्यो भूमिमा जब खेतीकिसानी गर्दछौ, त्यसले तिम्रो निम्ति**

केही फसल दिने छैन। पृथ्वीमा तिम्रो एउटा घर पनि हुने छैन, तिमी एक ठाउँदेखि अर्को ठाउँमा डुलिडुलि जीउनुपर्नेछौ।"

**उत्पत्ति ५:२९: "उनले आफ्नो छोरोको नाउँ नुह राखे। उनले भने, "यसले हाम्रो काममा विश्राम दिओस्। परमेश्वरले भूमिलाई श्राप दिनु भएकोले हामी खेतीको लागि कठिन परिश्रम गर्छौं। तर नूहले हामीलाई विश्राम दिनेछ।" 5 परमप्रभुले देख्नुभयो कि पृथ्वीका मानिसहरूमा दुष्टै दुष्टताले भरिएको थियो। अनि तिनीहरुले मनमा जे चिताउँदथे ती दुष्टखराब नै हुन्थे।" (रूपान्तरित)**

उपरोक्त पदहरूले यस धर्तीको बेहाल भएको स्पष्ट देखाउँदछ। आदमको पाप केवल मानव क्षेत्रमा मात्र असर परेन, वनस्पती क्षेत्रमा पनि असर परेको थियो। सुन्दर फलफुल बँगैचामा काँडा र सिउँडीहरू देखापर्न थाले। आदमको पापले गर्दा सारा सृष्टिनै भ्रष्ट हुन पुगेको थियो। कैनलाई दिएको श्राप केवल उसलाई मात्र नभएर सारा संसारमा परेको थियो भनेर एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको कुराबाट स्पष्टरूपमा थाहा हुन्छ।

यो दुःखपूर्ण छ, पापको श्राप त्यत्तिखेरै अन्त भएन। र यस पृथ्वीले अर्को तेश्रो श्राप खेप्नु पऱ्यो, त्यो थियो विश्वव्यापी जलप्रलय। त्यसले गर्दा यस पृथ्वी झन क्षतविक्षत भयो। त्यो जलप्रलय स्थानिय नभएर सारा पृथ्वी नै डुब्न पुगेको थियो। अनि जलप्रलय पछि जब नोहाले परमेश्वरको आराधाना गरेर बली चढाए, त्यो बलीको मिठो बास्ना सुँघपछि उहाँले यो सङ्कल्प गर्नुभयो, "मानिसको कारणले यस भूमीमा म फेरि कहिलै पनि श्राप हाल्ने छैन। उसको हृदय जति पनि दुष्ट नियतले परिचालन भएतापनि यस धर्तीमा श्राप पठाउँदिन। साना बालकदेखि नै उसको मन खराबै खराबले भरिएको हुन्छ। जसरी मैले सारा जीविजीवातहरू नष्ट गरें अब पानी पठाएर फेरि त्यसरी नै सबैको नष्ट गर्ने छैन।" (उत्पत्ति ८:२१ रूपान्तरित)।

जुन योजनावद्धरूपमा परमेश्वरले पानीको व्यवस्था सृष्टिमा गर्नुभएको थियो त्यो व्यवस्था जलप्रलयमा भङ्ग भएको थियो। एक ठाउँका माटो अर्को ठाउँमा बगेको थियो। अहिले पनि पानीले गर्दा जमिनको उर्बरा भूमीलाई नष्ट गरिरहेको पाइन्छ। पानीकै कारण आउनु पर्ने वा आइरहेका बाली घट्दै गएको पाइन्छ। हो, परमेश्वरले दया गरेर सारा पृथ्वी वा जमिनलाई श्राप गर्दिन भनेर सङ्कल्प गर्नुभएको थियो। तर सृष्टिको हप्तामा सृष्टि गर्नुभएको जस्तो उर्बरा तथा प्रशस्त फसल दिने माटो वर्तमान समय भन्दा एकदम फरक थियो।

रोमी ८:१९-२२का पदहरू बुझ्न कठिन भएको पाइएको छ, तर यहाँ गरिएको छलफलको सन्दर्भमा ती पदहरू कसरी गाँसिएको हामी पाउँछौं? अझ, ती पदहरूबाट के हामीले केहि आशाका किरणहरू छाएको पाउँछौं त? हेर्नुहोसः "19 परमेश्वरले बनाउनु भएको प्रत्येक वस्तुले ठुलो उत्सुकताको साथ त्यस समयलाई पर्खिरहेकोछ जब परमेश्वरले उहाँका छोराहरू को को हुन् भनेर देखाउनु हुनेछ। त्यो विशेष समय हेर्न सारा जगतको उत्कट अभिलाषा छ। 20 प्रत्येक वस्तु जुन परमेश्वरले बनाउनु भयो त्यो मूल्यहीन भएर गइरहेको छ। परमेश्वरको इच्छा अनुसार उचित परिवर्तन भएको छैन, तर परमेश्वरकै इच्छा अनुसार यस्तो भयो। तथापि त्यहाँ यस्तो आशा छः 21 परमेश्वरले बनाउन भएको हरेक कुरा नाश हुनबाट जोगिनेछ र परमेश्वरका छोरा-छोरीहरूले महिमा र स्वतन्त्रता प्राप्त गर्नेछन्। 22 हामी जान्दछौ सारा संसार सृष्टि प्रसव-वेदनाले तडपिरहेकी एउटी स्त्रीले झैं आज सम्म उत्सुकतापूर्वक पर्खिरहेकै छन्।" (रूपान्तरित)

## ३. यस धर्ती वा पृथ्वीको स्वामी (अय्यूब १:७ र १ पत्रुस ५:८)

निसन्देह सृष्टिको कारणले र उद्धारको योजनाको कारणले यस पृथ्वी परमेश्वरको स्वामीत्त्वमा छ। यद्यपि, शैतान पनि कुनै मनगढन्ते वा काल्पनिक जीव नभएर साँच्चिकै हो भन्ने कुरालाई पनि हामी बिर्सनु हुन्न। प्रभु येशूसँग ठूलो संग्राम गर्न शैतान जिम्मेवारी छ। त्यस संग्रामलाई महान् मतभेदको लडाईं (द ग्रेट कन्त्रोभर्सी) भनेर पनि सम्बोधन गरिएको छ। शैतानले सकेसम्म यस संसारको यावत थोकहरू सबैलाई आफ्नै कब्जामा राख्न उसले प्रयास गर्दछ। येशू क्रुसमा मर्नुभएर बौरी उठ्नुभएपछि शैतानको हार निश्चित भएको थियो। तर हार खाएतापनि शैतान परमेश्वरको अन्तिम न्यायलाई शिरोपर गरेर चुपचाप बस्न नचाहेको देखिएको छ। उसको क्रोध, विद्रोह र विध्वँसात्मक शक्ति अझपनि अत्यन्त बलियो छ। यस संसारमा धेरै कुराहरू छन् जुन हामीले बुझ्न सक्दैनौं। त्यो कुरा सबैले स्वीकार्नै पर्दछ। ख्रीष्ट र शैतानको बीचमा भइरहेको युद्धमा कुनै मध्यम् मार्ग छैन। यस पृथ्वीको प्रायजसो सबै क्षेत्रहरू शैतानको कब्जामा छ। त्यसैकारण संसारमा भइरहेको क्षतविक्षतको स्थितिप्रति हामी अचम्म मान्नु आवश्यकता छैन।

शैतानको अस्तित्व दन्त्यकथा, पौराणिक कथा वा काल्पनिक कथामा सिमित नभएर यथार्थ छ र त्यसको चर्तिकला र उस्को अन्तको

**बारेमा देहायका पदहरूले यसरी उल्लेख गर्दछन्: यूहन्ना १२:३१, " अब संसार (दुष्ट) को न्याय गर्ने बेला आयो। अब यस संसारको शासक फ्याँकिनेछ।", यूहन्ना १४:३०, "तिमीहरूसंग कुरा गर्ने समय छैन। यो संसारको शासक आइरेहछ । तर ममाथि उसको अधिकार चल्दैन।", यूहन्ना १६:११, " अनि तिमीहरूलाई सहायता गर्ने पवित्र आत्माले न्यायको विषयमा सत्य कुराको प्रमाण संसारलाई देखाउने छ, किनभने यस संसारको शासकलाई पहिल्यै नै जाँची सकेकोछ।" एफिसी ६:१२ "हाम्रो लडाई पृथ्वीका मानिसहरूसित छैन। हामी त यस संसारको अन्धकारको शासक, अधिकारी र शक्तिहरूसित लडिरहेकाछौं। हाम्रो लडाईं त अपार स्थानको दुष्ट आत्मिक शक्तिहरूको विरूद्ध छ।" (रूपान्तरित)।**

परमेश्वर र शैतानको बीचमा भइरहेको तर लुकिएको मतभेदको केहि पर्दा अय्यूबको पुस्तकमा उघारेको पाइन्छ। शैतानको चर्चकलाले अय्यूबका परिवार र उनका भौतिक तथा प्राकृतिक संरचनालाई ध्वस्त पारेको थियो। यस पृथ्वीको प्राकृतिक संरचनालाई ध्वस्त पार्न शैतान सक्षम् छ भनेर उक्त कथाले उदाङ्ग पार्दछ। "यस संसारका शासक वा राजकुमार" भनेर येशूले सम्बोधन गर्नु भएको अर्थ जुनसुकै भएतापनि यस पृथ्वीमा शैतानको शक्ति र उसको विध्वंसात्मक प्रभाव हटेको छैन भनेर हामीले सम्झिरहनुपर्दछ। त्यसैकारणले, बाइबलमा उघारेको त्यस सत्यताले हामीलाई यो सिकाउँदछ कि यस प्राकृतिक पृथ्वी ठूलो अनुपातमा क्षतविक्षत भएको छ। त्यसैले गर्दा प्राकृतिक जगतबाट परमेश्वरको स्वभाव जान्न हामीले ठूलो होशियारी अपनाउनु आवश्यक छ। त्यहि कुरालाई ख्याल नराखेको हुनाले यस पृथ्वीको अवस्थाको विषयमा चार्लस दार्विनले गलत वाख्या गर्न **पुगेको थियो।**

**तपाईंकै जीवनमा कत्तिको विगार शैतानले फैलाइदिएको अनुभव गर्नुभएको छ? क्रुस र बाइबलमा उल्लेख गरिएका परमेश्वरका वाचाहरूमात्र तपाईंको जीवनलाई सार्थक बनाउँछ र तिनीहरूमा मात्र तपाईंको आशा अड्किनुपर्छ भन्ने प्रतिवद्धताप्रति तपाईं कत्तिको संवेदनशील** हुनुहुन्छ?

## ४. "यस संसारका मानव जातिले खन्याएका आफ्ना ज्ञानबुद्धि वा दर्शनहरू" (१ कोरन्थी १: १८-२२)

आज मानव जातिले धेरै ज्ञानले सम्पन्न भइरहेको पाक्षएको छ। विभिन्न माध्यमहरूबाट शूचनाहरूको प्रवाह भइरहेको छ। विषेश गरेर

यस दुई सय वर्षभित्र ज्ञानविज्ञानको प्रगति अत्यन्त द्रुतगतिमा बढिरहेको हामी पाउँछौं। तर ज्ञानविज्ञान र सुचनाहरूको धनी भयौं भन्दैमा "बुद्धी" बढेको छ भन्न मिल्दैन। हो, हाम्रा पूर्खाहरूले भन्दा यस प्राकृतिक पृथ्वीको बारेमा धेरै ज्ञान हामीले हासिल गरेका छौं। तर जतिसुकै धेरै ज्ञान पाएतापनि त्यो ज्ञान र "बुद्धि" एउटै हुन् भन्न मिल्दैन।

त्यहि सन्दर्भमा दुई हजार वर्ष वाख्या गरिएका त्यहि सत्य कुराहरूलाई पावलले देहायका पदहरूमा उघारेका कत्तिको सान्दर्भिक छन्, सोच्नुहोस्।

१ कोरन्थी १:१८-२१, "नष्ट भएकाहरूका निम्ति (अर्थात् येशूको मुक्तिको योजनामा समावेश हुन नचाहने) क्रूस बारेको शिक्षा मूर्खतापूर्ण ठहर्छ। तर हामी उद्धार पाइरहेकाहरूका निम्ति यो परमेश्वरको शक्ति हो। १९ शास्त्रमा लेखिएको छः "म ज्ञानीहरूको ज्ञानलाई नष्ट गर्नेछु म बुद्धिमानीहरूको बुद्धिलाई शून्य पार्नेछु।" यशैया २९:१४ २० ज्ञानी कहाँ छ? शिक्षित कहाँ छ? यस युगको दार्शनिक कहाँ छन्? परमेश्वरले यस संसारको ज्ञानलाई मूर्ख तुल्याउनु भएका छन्। २१ ज्ञानद्वारा मानिसहरू परमेश्वरको बारेमा जानुन् भन्ने उहाँको इच्छा हो। तर संसारका मानिसहरूले आआफ्नै ज्ञानद्वारा परमेश्वरलाई चिन्न चाहेनन्।

त्यसैकारण परमेश्वरलाई जसले विश्वास गर्छन् तिनीहरूको उद्धारको निम्ति दिएको सुसमाचार मुक्ति पाउन नचाहनेको निम्ति मूर्खता देखिएको छ।" (रूपान्तरित)।

१ कोरन्थी ३:१८-२१, "कसैले आफैलाई धोका नदेओस्। यदि तिमीहरू मध्ये कसैले यस संसारमा आफूलाई ज्ञानी संझन्छ भने मूर्ख बन्नु पर्छ तब मात्र उ साँच्चिकै ज्ञानी बन्न सक्छ। १९ किन? किनभने परमेश्वर समक्ष यो संसारको ज्ञान मूर्खता हो। धर्म शास्त्रमा यस्तो लेखिएको छ। "उहाँले ज्ञानी व्यक्तिहरूलाई तिनीहरूकै आफ्नो चलाकीमा फसाउनु हुन्छ।" २० धर्मशास्त्रमा यस्तो पनि लेखिएको छ "परमेश्वर ज्ञानी व्यक्तिको विचार बुझ्न हुन्छ। उहाँले जान्नु हुन्छ कि तिनीहरूको विचार बेकारको हो।" २१ यसैले तिमीहरूले मानिसहरूको गर्व गर्नु पर्दैन। बरू याद गर्नु, सबै थोक परमेश्वरले तिमीहरूलाई सुम्पन्नु भएको छ।" (रूपान्तरित) ।

परमेश्वरको अस्तित्वलाई अश्विकार गर्न र उहाँको वचन पवित्र धर्मशास्त्र बाइबललाई चुनौती दिन मानिसहरू हरदम सोचिनै रहेको हुन्छ। उनीहरूले सोधिरहने धेरै प्रश्नहरूमा के येशू साँच्चिक्कै बौरि

उठ्नुभएको हो त?, के परमेश्वरले नै यस जगतलाई सृष्टि गर्नुभएको हो त? के केहि अचम्म वा अलौकिक क्रियाकलाप हुनसक्छ र आदि हुन्। तर जतिसुकै मानिसका ज्ञानबुद्धि दर्शन होस् र विज्ञान भनाउँदाले सत्यतालाई छोप्न खोजेतापनि यदि परमेश्वरको वचनको खिलाफमा ती जान्छन् भने तिनीहरूलाई “मूर्खतापूर्ण" नै मान्नुपर्दछ।

प्रायजसो विज्ञानको उन्नति प्रकृतिकै आधारमा सुरूभएको हुन्छ। अर्थात् प्रकृतिमा कुनै वस्तु छैन भने विज्ञानको अस्तित्व पनि हुँदैन। इतिहासका विश्वविख्यात महान् वैज्ञानिक प्रतिभाहरूले परमेश्वरमा विश्वास गर्दथे। तिनीहरूमा सर आइजाक न्युटन, केपलर, ग्यालिलियो हुन्। तिनीहरूकै कारणले परमेश्वरको सृष्टिको काम वाख्या गर्न सजिलो भएको छ। केपलरले एक फेरा लेखेका थिए, “हे परमेश्वर तपाईंको विचार तपाईंको पछि पछि गएको सोच्दछु,,,। तर कतिपय आधुनिक वैज्ञानिकहरूले तिनीहरूको परमेश्वरप्रतिको विश्वासप्रति उपहास गरेको पाइन्छ।

बाइबलमा उल्लेख गरिएका अचम्मका कामका कथाहरूलाई कतिपयले ती अचानक वा भवितव्य हुन् भनेर सिकाउन खोजेको पाइन्छ। बाइबलको समयमा रहेका अगुवाहरूलाई प्रकृतिको नियम थाहा थिएन र परमेश्वरको काम भनेर कतिपय कुराहरूलाई गलत ढँगमा लेखेका हुन् भनेर कतिपय वैज्ञानिकहरूले तर्क गर्न खोज्दछन्। लाल समुद्र प्राकृतिककै कारणले फाटेको थियो भनेर धेरै वैज्ञानिकहरूले वाख्या गर्न कोशिस गर्दछन्। मोसा त लागु पदार्थमा लठ्ठ थिए भनेर केहि वर्ष अघि एक जना वैज्ञानिकले आरोप लगाएको थियो। ढुँगाको पाटिमा परमेश्वरले दश आज्ञा दिनुभयो भन्ने कुरा मोसाको आफ्नै दिवास्वप्न थियो भनेर त्यस वैज्ञानिक भनाउँदाले दाबी गरेको थियो।

उपरोक्त कुराहरू सुन्दा तपाईंलाई पनि हाँसो लाग्दो हो र कस्तो मूर्ख तर्क हो भनेर तपाईं भन्नुहुन्छ होला। तर यदि तपाईंले परमेश्वरको अस्तित्वलाई अश्विकार गर्नुभयो भने कुनै पनि अलौकिक वा अचम्मका घटनाहरूलाई वाख्या गर्न कुनै न कुनै चित्तवुझ्दो खालका तर्कहरू प्रस्तुत गर्नै पर्ने हुन्छ। यस्ता गलत वाख्या वा तर्कहरूलाई पावलले सरासर मूर्खताको सँज्ञा दिएकोमा अचम्म मान्नुपर्ने कारण छैन।

## ५. विश्वास तथा आस्थाको चक्षुबाट (भजन ८)

धेरै लोकप्रीय भजनहरूमा भजन ८ पनि अत्यन्त लोकप्रिय भजन हो। सृष्टिद्वारा परमेश्वरको प्रेम र उहाँको प्रभुत्त्वको सम्बोधन

गर्दछ भनेर परमेश्वरमा अगाढ आस्था राख्ने दाउदको भनाइ थियो। दाउदले भजन ८मा सृष्टिको विषयमा के पाठहरू देखेकाछन्? यदि हामीलाई अहिले ज्ञान भएको सौर्य मण्डल र नक्षत्रहरूको बारेमा दाउदले थाहा पाएको भए अझ उनी कति चकित हुने थिए होला? उनलाई जे थाहा थियो त्यो भन्दा वेसी थाहा पाएको भए अझ कस्तो शब्दहरू प्रयोग गरेर परमेश्वरको गुणगान गर्ने थिए होला। हेर्नुहोस् भजन ८: "हे परमप्रभु हाम्रो स्वामी! तपाईंको नाउँ समस्त पृथ्वीमाथि अत्यन्तै आर्श्चयपूर्ण छ। तपाईंको नाउँले स्वर्गमा चारैतिर तपाईंलाई प्रशंसा ल्याएको छ। २ साना केटाकेटी र दूधमुखे बालकहरूका मुखहरूबाट पनि तपाईंको महिमा र प्रशंसा सुनिन्छ। तपाईंले तिनीहरूलाई त्यस्तो शक्तिशाली गीतहरू दिनुभएकोछ, जसले तपाईंको सम्पूर्ण शत्रुहरूलाई चुप पारी दिन्छ। ३ हे परमप्रभु, तपाईंले आफ्नो हातले बनाउनु भएको स्वर्ग अनि तपाईंले सृष्टि गर्नु भएका जुन र ताराहरू हेरेर म अचम्म मान्छु। ४ किन मानिसहरू तपाईंका लागि महत्वपूर्ण छन्? किन तपाईंले तिनीहरूको सम्झना गर्नु हुन्छ? किन मानिसहरू तपाईंका लागि यति महत्वपूर्ण छन्? किन तपाईंले तिनीहरूलाई ध्यान दिनु हुन्छ? ५ तर मानिसहरू तपाईंको लागि महत्वपूर्ण छन्! तिनीहरूलाई तपाईंले स्वर्गीय प्राणी(स्वर्गदूत) जस्तै बनाउनु भयो अनि तिनीहरूलाई महिमा र आदरको मुकुट पहिराउनु भयो। ६ तपाईंले सिर्जना गर्नु भएका प्रत्येक थोकको अधिकारी तिनीहरूलाई बनाउनु भयो। तपाईंले प्रत्येक कुराको निम्ति तिनीहरूलाई अधिकार दिनुभयो। ७ सबै मानिसहरूले भेंडा र गाई साथै सम्पूर्ण जङ्गली जनावरमाथि शासन गर्छन। ८ तिनीहरूले आकाशमा उड्ने पंक्षी र समुद्रमा पौडिने हरेक जनावार र माछाहरूमाथि शासन गर्दछन्। ९ हे परमप्रभु, हाम्रा स्वामी, सारा पृथ्वीमा तपाईंको नाउँ अत्यन्त आश्चर्यपूर्ण छ।" (रूपान्तरित)।

अथाह समुद्रमा भएको बालुवाको एक कण जस्तै मात्र हामी यस महान् नक्षत्र वा जगतमा छौं भन्ने ज्ञान केवल वर्तमान केहि शताब्धीहरूमा मात्र बुझन ठालेकाछौं। (हवल जस्ता विभिन्न साटलाइट वा भूउपग्रहमा जडान गरिएको दुर्विनले यस पृथ्वी तथा यहाँका मानिसहरू यति शुक्ष्म देखिन्छ कि मानौं हाम्रो अस्तित्व नै छैन)। स्वर्ग कति महान् छ भन्ने ज्ञान परमेश्वरको सहायताविनादाउद जस्तो भक्तले जान्नेबुझ्ने कुरो होइन। त्यस ताका दाउदले स्वर्गहरूको बारेमा चकित भएर आफ्ना भावनाहरू प्रशंसापूर्वक व्यक्त गरे भने अझ हामीले झन

कस्तरी व्यक्त गर्नु पर्छ, पर्दैन त? विभिन्न वैज्ञानिक उपकरणहरूद्वारा यस जगतको आकार कति महान् छन् भनेर पत्ता लगाइरहेको हुनाले दाउदलाई भन्दा हामीलाई  जगतको बारेमा धेरै ज्ञान छ। साँच्चिकै भनौं भने हामीलाई परमेश्वरले कत्तिको प्रेम गर्नुहुन्छ भन्ने ज्ञान थाहा पाउन सुरू गर्न पनि सक्षम् छैनौं।

त्यहि सन्दर्भमा भजन १९:१-४मा स्वर्गको बारेमा यसरी व्यक्त गरिएको हेर्नुहोस्: "  स्वर्गले परमेश्वरको महिमाको विषयमा बोल्छ। आकाश-मण्डलले उहाँका हातबाट बनिएका राम्रा-राम्रा कुराहरूका विषयमा भन्दछ। २ प्रत्येक नयाँ दिनले धेरै-धेरै सृष्टिको कथा वर्णन गर्छ। अनि प्रत्येक रातले परमेश्वरको धेरै-धेरै शक्ति प्रकट गर्छ। ३ तिमीले साँच्चि नै केही वचन वा शब्दहरू सुन्न सक्तैनौ। उनीहरूले स्वर निकाल्दैनन् जो हामी सुन्न सक्छौं। ४ तर तिनीहरूको "स्वर" सारा जगतभरि फैलिएर जाँदछ। तिनीहरूका "वचनहरू" पृथ्वीको कुना-कुनासम्म पुग्छन्। घामको लागि आकाश घर सरह हुन्छ।"

परमेश्वरका धेरै भक्तहरूले रातमा ताराहरूलाई हेरेर परमेश्वर कतिको महान् हुनुहुन्छ भनेर महशूस गर्दछन्। अथाह आकाश गङ्गाको मुनी तिनीहरू कत्तिको सानो भएको पनि पाउँदछ। अनि ती भक्तहरूले परमेश्वरको हेरचाहको पनि मुक्तकण्ठले तारिफ गर्दछन्। अरूलेचाहिँ प्रकृतिमा भएको नराम्रा समस्याहरूतिर ध्यान दिन्छन् र त्यसको प्रादुर्भाव परमेश्वर नै हो भनेर उहाँलाई दोष दिन्छन्। तर प्रकृतिमा भएका कतिपय नराम्रा र प्रतिकूल अवस्थाहरू की त मानिसकै कारणले हुन् वा शैतानको क्रियाकलापले हुन्।

तर परमेश्वरमा विश्वास र भरोसा राख्नेहरूको निम्ति सृष्टिले परमेश्वरको हेरचाहको बारेमा बोल्दछन्। शैतानले गर्दा यस सृष्टिमा खराब अवस्था भित्रिएतापनि अझ अधिकांस असल प्राकृतिक सम्पदाहरूले शक्तिशालीरूपमा परमेश्वरको महिमा गरिनै रहेको हुन्छ। हो, अहिले सृष्टिमा भएका परमेश्वरको सम्पूर्ण महिमालाई हामी देख्न सक्दैनौं। पाप र पापको श्रापले गर्दा यस संसार पतित भएको छ र त्यसले प्राकृतिक सम्पदालाई पनि बाँकी राखेको छैन।

**येशूले आफ्नो चिनारी चेलाहरूलाई यसरी प्रस्टरूपमा प्रस्तुत गर्नुभएको थियो, " फिलिप धेरै समयदेखि म तिमीहरूसंगै छु र पनि मलाई चिन्दिनौ भन्छौ? जसले मलाई देखेकोछ उसले मेरो पितालाई पनि देखेकोछ। यसर्थ तिमी कसरी भन्छौ, 'हामीलाई पिता देखाउनु होस्?' (यूहन्ना १४:९)। त्यस चिनारीलाई मध्यनजरमा राखेर सृष्टिकर्ता येशू**

**क्रुसमा झुण्डिनु भएको कुरालाई सोच्नुहोस्। परमेश्वरको स्वभाव र चरित्रको उत्कृष्ट उदाहरण केवल क्रुसमात्रै हो भनेर सम्झनु किन अनिवार्य छ?**

**उपसंहारः**

**थप जानकारीः** "वैचारिक मन्थनमा हामी निरन्तर संघर्ष गरिरहनुपर्छ भनेर मलाई चेतावनी दिएको थियो (सन् १८९०)। विज्ञान र धर्म बीचमा असहमती हुनेछ। सिमित ज्ञान भएको मानिसले परमेश्वरको महानता र शक्तिलाई बुझ्न सक्दैन। पवित्र धर्मशास्त्र बाइबलबाट मलाई यो वचन दिइएको थियो, 'तिमीहरूकै माझबाट मानिसहरू उठ्नेछन् र सत्यलाई बँग्याइदिनेछन्। परमेश्वरलाई विश्वास गर्नेहरूले तिनीहरूलाई पछ्याउन प्रयास गर्नेछन् (प्रेरित २०:३० रूपान्तरित)।'"-एलेन जी ह्वाइट, *द मेडिकल मिनिस्त्री,* पृ. ९८बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ.** यस पृथ्वीमा भएको एलेन जी ह्वाइटले उल्लेख गर्नुभएको तिन श्रापहरूको बारेमा सोच्नुहोस्। (द स्पिरिच्युवल गीफ्टस, ठेली ३, पृ. ८८मा उल्लेखित आदमको पतनले गर्दा भएको श्राप, केनको हत्याले गर्दा भएको श्राप र जलप्रलयबाट तहसनहस भएको धर्ती)। ती श्रापले गर्दा हजारौं वर्षसम्म यस पृथ्वीले भोगिरहेको दुःखकष्ट संसारको सृष्टिमा थिएन। त्यसबेलाको संसार र अहिलेको संसार फरक छन्। त्यसले गर्दा वर्तमान संसार वा पृथ्वीलाई सुरूको सृष्टिसँग दाँज्दा किन सावधानी अपनाउनुपर्दछ?

**आ.** **विशेष गरेर विज्ञानले** संसारको सृष्टिको बारेमा किन यकिन गर्न सक्दैन? अहिले हामी जे देख्छौं त्यसको बारेमा लिखितरूपमा वाख्या गरिएको छैन। विज्ञान पूरै मानिसको अवधारणा हो। मानविय दिमाग सिमित छ र परमेश्वरको आधिपत्यसँग विद्रोह गर्न चाहन्छ। अझ, प्रकृतिमा शैतानको प्रभाव गहिरोरूपमा नराम्रोसँग परेको छ। कति थोक हामी देख्छौं ती बाइबलसम्मत छैन।

विज्ञान भन्दा बाइबलमा हाम्रो आस्था किन गहिरो हुनुपर्दछ?

**इ.** बाइबल र विज्ञानको बीचमा भइरहेको सबै तनाव हामीलाई थाहा छैन। तर हामी भन्दा परमेश्वर अति ज्ञानी हुनुहुन्छ। विज्ञानले पत्ता लगाएको वा पत्ता लगाइरहेको भन्दा यस प्राकृतिक संसारमा धेरै कुराहरू छन् भनेर हामीले स्वीकार गर्नुपर्दछ। बाइबलमा उल्लेख गरेका क्रियाकलाप र विज्ञानको बीचमा हुने संघर्ष देखेर हामी किन अचम्म मान्नुहुन्न?

**ई.** यस अध्यायको उपसंहारमा उल्लेख गरिएको एलेन जी ह्वाइटको लेखलाई फेरि हेर्नुहोस्। हामीहरूकै चर्चमा उनले व्यक्त गरेकी अभिव्यक्त कसरी पूरा भइरहेको छ? हामीहरूको सन्देश र मिशन वा लक्ष्यलाई चुनौति दिने खतरापूर्ण चुनौतिहरूसँग हामीले कस्तो व्यवहार गर्ने? परमेश्वरले गर्नुभएको सृष्टिप्रतिको विश्वास र उहाँको वचनमा अडिग हुनुबाट हामी किन बिचलित हुनुहुन्न? फेरि त्यसै समयमा कठिन र जवाफ नपाएका प्रश्नहरूसँग संघर्ष गरिरहनेक निम्ति चर्चमा कसरी सुरक्षित राख्ने?

उ. रोमी ११:३३-३६ र अय्यूब ४०:१,२,७,८ पढ्नुहोस्। परमेश्वरको मार्ग बुझ्न कोशिष गर्ने मानविय ज्ञान कतिको असल हुनसक्छ? बाइबल र विज्ञानको बीचमा शान्ति र एकता ल्याउने कुरामा समस्या खडा भएतापनि हामीहरूको मनस्थिति कस्तो भइरहनुपर्दछ?